(१) यस ऐनको दफा ६ बमोजिम यस उपमहानगरपालिकामा दर्ता भई सञ्चालित कम्तीमा ११ वटा सहकारी संस्थाहरु आपसमा मिली सहकारी संस्थाहरुको हकहित, सहकारी व्यवसायको विकास, प्रवर्द्धन, सुदृढीकरण, बजारीकरण तथा प्रशिक्षण लगायतका कार्यहरुमा सहयोग र समन्वय गर्न उपमहानगरपालिकामा जिल्ला सहकारी संघ लिमिटेड. मातहत रहने गरी सहकारी समन्वय समिति गठन गर्न सक्नेछन् । सहकारी समन्वय समिति गठन भएपछि उपमहानगरपालिकालाई लिखित जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपमहानगरपालिका भित्र एउटा भन्दा बढी सहकारी समन्वय समिति गठन गर्न सकिने छैन ।

१०४. **सहकारी विकास समिति गठनः**

(१) सहकारीको सिद्धान्त, मुल्य मान्यताको आधारमा सहकारी क्षेत्रमा सुशासन, सहकारी संस्थाहरुको विकास, प्रवर्द्धन, बजारीकरण, सुदृढीकरण तथा प्रशिक्षण आदि कार्यको लागि स्थानीय सरकार र सहकारी अभियानलाई नीतिगत, प्राविधिक तथा आर्थिक रुपले सहयोग र समन्वय गर्न यस उपमहानगरपालिकामा एउटा ९ सदस्यीय सहकारी विकास समिति गठन गरिनेछ ।

(२) उपमहानगरपालिका सहकारी विकास समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| (१) नगर प्रमुख वा प्रमुखले तोकेको व्यक्ति | अध्यक्ष |
| (२) उपमहानगरपालिकाले नियुक्त गरेको व्यक्ति १ जना | सदस्य |
| (३) उपमहानगरपालिकाका वडा अध्यक्षहरुमध्येबाट २ जना | सदस्य |
| (४) सहकारी समन्वय समितिको प्रतिनिधि १ जना | सदस्य |
| (५) सहकारी विज्ञहरुबाट २ जना | सदस्य |
| (६) महिला सहकारीकर्मीहरुबाट १ जना | सदस्य |
| (७) उपमहानगरपालिकाले नियुक्त गरेको १ जना | सदस्य सचिव |

(३) सहकारी विकास समितिको काम, कर्तव्य र अधिकार तोके बमोजिम हुनेछ ।

**१०५.बचाउः** यस ऐन प्रारम्भ हुनुभन्दा अघि ऐन तथा नियम बमोजिम गरिएका कामहरु यसै ऐन अर्न्तगत भए गरेको मानिनेछ ।

